# अर्नमा गाउँपालिका
ARNAMA RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अर्नमा, सिरहा (ARNAMA, SIRAHA)
मधेश प्रदेश, नेपाल (MADHESH PROVINCE, NEPAL)
http://arnamamun.gov.np
ito.arnamamun@gmail.com
9852834880 & 9852858045


प.सं. २०८२/८३
च.नं. ११५६

मिति: २०८३/०३/३१ गते

अर्नमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अर्नमा, सिरहा जिल्ला मधेश प्रदेश (नेपाल) २०७३

**बिषय: जानकारी गरिएको सम्बन्धमा ।**

श्री अर्नमा गापा सम्पुर्ण शाखा,
श्री (सबै) वडा कार्यालय,
श्री (सबै) स्वास्थ्य संस्था,
श्री अर्नमा आधारभुत प्राथमिक अस्पताल,
अर्नमा गाउँपालिका, सिरहा ।

उपरोक्त सम्बन्धमा यस अर्नमा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत गाउँपालिकाका सम्पुर्ण शाखा, वडा कार्यालय,स्वास्थ्य संस्था लगायतका कार्यालयहरुमा कर्मचारीहरु विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने, तोकिएको कार्यालय समयमा (बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म) उपस्थित नभईदिने तथा कर्मचारीको पोशाक नलगाई कार्यालयमा आउने भएकोले कार्यालयको दैनिक कामकाज प्रभावित भएको सम्बन्धमा यस कार्यालयमा व्यापक रुपमा जनगुनासो आएको छ । यसरी कार्यालयको जिम्मेवार कर्मचारीहरुबाट यस किसिमको गैरजिम्मेवारीपुर्ण कार्य हुनु कानुन विपरित र नैतिकता विपरित कार्य हो । यस विषयमा पटक पटक मौखिक जानकारी गराउँदा पनि साकारात्मक सुधार आएको पाईएको छैन । तसर्थ, अब उप्रान्त कुनै कर्मचारीले विदा बस्दा प्रमुख प्रशासकीय अधिकृतबाट बिदा स्वीकृत गराएर मात्र बिदा बस्ने, तोकिएको कार्यालय समयमा तोकिएको पोशाक र कर्मचारी परिचयपत्रमा कार्यालयमा समयमै उपस्थित हुने व्यवस्थाका लागि जानकारी गराइन्छ । अनुगमनको क्रममा कुनै कर्मचारी कार्यालयमा विना जानकारी अनुपस्थित रहेको वा कार्यालय समयमा कार्यालयको काम बाहेक कार्यालय बाहिर रहेको पाईएमा प्रचलित कानुन बमोजिम भइ जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८३/०३/३१

द्रोपती कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत



CamScanner